# अर्थ

बैंकहरूले गत आर्थिक वर्ष २०७४/७५ मा ३५ अर्ब ४७ करोड रुपैयाँको सुन आयात गरेका थिए भने चालु आवको दुई महिनामा चार अर्ब रुपैयाँभन्दा बढीको सुन आयात भइसकेको छ।

2018, OCT
Friday
5


ज्योति

## हिमाल स्टील आजको भाउ

| | टोरस्टिल | | | टि. एम. टि. टेम्पकोर | | | टोरकारी | एनिल्ड |
|---|---|---|---|---|---|---|---|---|
| | ८ मि.मि. | १०-२० मि.मि. | २५-३२ मि.मि. | ८ मि.मि | १०-२० मि.मि | २५-३२ मि.मि. | ४.७५-७ मि.मि. | |
| काठमाडौं | ९३.८५ | ९२.३५ | ९४.८५ | ९४.३५ | ९०.८५ | ९३.३५ | ९३.१५ | १०२.७२ |
| बीरगंज | ९१.९५ | ९०.४५ | ९२.९४ | ९२.४५ | ८८.९५ | ९१.४४ | ९१.२५ | १००.९२ |
| विराटनगर | ९२.४५ | ९०.९५ | ९३.४४ | ९२.९५ | ८९.४५ | ९१.९४ | ९१.७५ | १०१.४२ |

• अन्त: शुल्क/भ्याट बाहेक प्रति किलो मूल्य • १००० के.जी. माथि नेपालभरि फ्रि होम डेलिभरी
• अन्य ठाउँको मूल्य नजीकको डिपोबाट लिनु होला । तौलमा हुक र चुरा समावेश छ ।

JAGDAMBA STEEL
देशको मेरुदण्ड
बिक्री मूल्य रु. प्रति किलोग्राम

| स्थानहरु / साइज | JAGDAMBA E ८ एम.एम. | १०-२० एम.एम. | २५ एम.एम. | २८-३२ एम.एम. |
|---|---|---|---|---|
| काठमाडौं | ९३।८५ | ९०।८५ | ९३।८५ | ९३।८५ |
| सिमरा, बिरगंज, कलैया | ९२।२५ | ८९।२५ | ९२।२५ | ९२।२५ |
| मलंगवा, जनकपुर, नारायणघाट | ९३।२५ | ९०।२५ | ९३।२५ | ९३।२५ |
| लाहान, विराटनगर, धरान, इटहरी | ९४।८० | ९१।८० | ९४।८० | ९४।८० |
| बिर्तामोड, दमक, बुटवल, भैरहवा, कृष्णनगर | ९२।९५ | ८९।९५ | ९२।९५ | ९२।९५ |
| पोखरा, स्याङ्जा | ९३।४५ | ९०।४५ | ९३।४५ | ९३।४५ |

नोट : उपरोक्त मूल्यमा १।५० रुपैयां प्रति के.जी. अन्तशुल्क र १३% मु.अ. कर थप लाग्नेछ।

JAGDAMBA E Fe 500
EARTHQUAKE RESISTANT REBAR
NS:191
नेपालको सबैभन्दा विश्वसनीय भुकम्प प्रतिरोधक छड ।


## विनिमय दर

नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय
विदेशी विनिमय व्यवस्थापन विभाग
२०७५ असोज १९, अक्टोबर ५, २०१८

### खुला बजार विनिमय दर नेपाल राष्ट्र बैंकको

| | खरिद दर | बिक्री दर |
|---|---|---|
| भारतीय रूपियाँ १०० को रू. | १६०।०० | १६०।०० |
| अमेरिकी डलर १ का रू. | ११७।४३ | ११८।०३ |
| युरो १ को रू. | १३५।०८ | १३५।७७ |
| पाउन्ड स्टर्लिङ १ को रू. | १५२।५० | १५३।२८ |
| स्विस फ्रन्क १ को रू. | ११८।३९ | ११९।०० |
| अस्ट्रलियन डलर १ को रू. | ८३।२२ | ८३।६४ |
| क्यानाडियन डलर १ को रू. | ९१।२८ | ९१।७४ |
| सिङ्गापुर डलर १ को रू. | ८५।११ | ८५।५५ |
| जापानी यन १० को रू. | १०।२७ | १०।३३ |
| चिनियाँ युआन १ को रू. | १७।१० | १७।१८ |
| साउदी अरब रियाल १ को रू. | ३१।३१ | ३१।४७ |
| कतारी रियाल १ को रू. | ३२।२५ | ३२।४२ |

| | खरिद दर | बिक्री दर |
|---|---|---|
| थाई भाट १ को रू. | ३।६० | ३।६२ |
| सं. अरब इमिरट दिराम १ को रू. | ३१।९७ | ३२।१३ |
| मलसियन रिङ्गिट १ को रू. | २८।३२ | २८।४६ |
| दक्षिण कारियन वन १०० को रू. | १०।४० | १०।४५ |

**खरिद दर**

| | खरिद दर |
|---|---|
| स्विडिस क्रोनर १ का रू. | १३।०० |
| डेनिस क्रानर १ का रू. | १८।११ |
| हङकङ डलर १ का रू. | १४।९९ |

नोट : वर्तमान व्यवस्थाअन्तर्गत वणिज्य बैंकहरूले तोकेका खुला बजार विनिमय दर भने फरक हुन सक्नेछ। चिनियाँ युआन चिनियाँ पर्यटक, नेपाली निर्यातकर्ता तथा आयातकर्ता, चीन भ्रमणमा जाने नेपाली नागरिकहरू र चीनमा अध्ययन गर्ने विद्यार्थीसँग मात्र खरिद/बिक्री गर्न पाइने।

# मंसिरसम्म दैनिक २५ किलो सुन

काठमाडौं, (नेस)

विवाहको सिजन तथा चाडपर्वका बेला सुनको माग उच्च भए पनि सरकारले नेपाल राष्ट्र बैंकको सिफारिस बमोजिम सुनको कोटा थप गर्न अस्वीकार गरेको छ।

व्यवसायीले दैनिक ४० किलो सुन आयात गर्ने व्यवस्था मिलाउन भन्दै राष्ट्र बैंकदेखि अर्थ र प्रधानमन्त्री कार्यालयसम्म लविङ गरेका थिए। व्यवसायीको मागलाई सम्बोधन गर्दै राष्ट्र बैंकले दैनिक ३० किलो सुन ल्याउन सकिने प्रस्ताव उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयलाई पठाएको थियो। तर, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले दैनिक २५ किलोसम्म सुन ल्याउन दिने निर्णय गरी व्यवसायीको माग र राष्ट्र बैंकको सिफारिस दुवै अस्वीकार गरेको हो।

व्यापारघाटा उच्च भएको अवस्थामा अध्ययनबिना सुन आयातको कोटा थप्न नसकिने भन्दै उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयले २५ किलोमा सीमित गरेको हो।

वाणिज्य मन्त्रालयबाट दैनिक ५ किलो सुनको कोटा थप गरेर २५ किलो पठाउन सहमति दिए पनि राष्ट्र बैंकले भने अझै सर्कुलर जारी गरेको छैन।

मन्त्रालयले मंसिर मसान्तसम्म दैनिक २५ किलोका दरले सुन ल्याउन सहमति दिएको छ। हाल २२ वटा वाणिज्य बैंकले सुन आयात गरिरहेका छन्। बैंकहरूले गत आर्थिक वर्ष २०७४/७५ मा ३५ अर्ब ४७ करोड रुपियाँको सुन आयात गरेका थिए भने चालू आवको दुई महिनामा चार अर्ब रुपियाँभन्दा बढीको सुन आयात भइसकेको छ।

बजारमा पर्याप्त सुन आपूर्ति नहुँदा तस्कारीको सुन बिक्री भइरहेको छ भने प्रचलित मूल्यभन्दा प्रतितोला ३ हजारसम्म बढी मूल्य लिएर सुनको कारोबार भइरहेको बतइन्छ।

# यतीको एटीआरद्वारा पोखरा–काठमाडौं उडान शुरू




काठमाडौं, (नेस)

यती एयरलाइन्सले पछिल्लोपटक ल्याएको ७२ सिट क्षमताको एटीआर ७२-५०० जहाजबाट बुधबारदेखि काठमाडौं-पोखरा-काठमाडौं रुटमा उडानको तालिका बनाएको छ।

यतीका सञ्चार अधिकृत भीमराज राईका अनुसार बुधबारदेखि दैनिक दुईवटा उडान एटीआर ७२-५०० बाट गर्ने तालिका बनाएको छ। उनले यात्रुको माग अनुसार उडान थप्न सकिने बताउनुभयो। एटीआर बाहेक यतीले ३० सिट क्षमताको जेटस्ट्रिम ४१ जहाजबाट पनि अरू उडान गर्नेछ। एटीआर बाहेक यतीले काठमाडौं-पोखरा-काठमाडौं रुटमा दैनिक १२ वटासम्म उडान तालिका बने पनि १० वटासम्म उडान नियमित रूपमा भइरहेको उहाँले बताउनुभयो।

७२ सिट भए पनि पोखरा विमानस्थलको धावनमार्ग कम भएकाले पूर्ण क्षमतामा भने यात्रु बोक्न सक्ने छैन। बढीमा ६० जना यात्रु, एउटा उडानबाट आउजाउ गर्ने गरी हालका लागि उडान थाल्ने राईले बताउनुभयो। 'शुरूवात ६० जना यात्रु बोकेर गर्ने हो,' उहाँले भन्नुभयो। राईका अनुसार यतीले हालका लागि एटीआर ७२ को दैनिक दुई उडान पोखराका लागि राखेको छ। हरेक दिन बिहान साढे ७ र ९ बजे उडान गर्ने तालिका तय गरेको उहाँले बताउनुभयो। पोखरा विमानस्थलको धावनमार्ग एक हजार चार सय ४७ मिटर छ। धावनमार्ग छोटो हुनाले एटीआर ७२ ले पूरा यात्रु क्षमतामा यात्रु बोक्न सक्दैन। मौसम चिसो भएको बेला बढी भार बोक्न सक्छ।

# माथिल्लो दोर्दी 'ए' सुरुङ छेडियो

काठमाडौं, (नेस)

लिवर्टी इनर्जी कम्पनीले लमजुङको ढोडेनी फलेनीमा निर्माण गरिरहेको २५ मेगावाटको माथिल्लो दोर्दी 'ए' जलविद्युत् आयोजनाको २६२३ मिटर सुरुङ बिहीबार छेडिएको छ।

कम्पनीका अध्यक्ष कुशकुमार जोशी र प्रबन्धक सञ्चालक आत्माराम घिमिरेले स्वीच अन गरी अन्तिम ब्रेक थ्रु को ब्लास्ट गर्नुभयो।

कम्पनीका अध्यक्ष कुशकुमार जोशीले लक्षित समयभित्रै विद्युत् उत्पादन गर्ने प्रतिबद्धता जनाउनुभयो। उत्पादित विद्युत खेर नजाने कुरा कम्पनी विश्वस्त रहेको पनि बताउनुभयो। यस्तै, सांसद धनन्जय दवाडीले लमजुङ लगानीमैत्री जिल्ला भएको भन्दै ढुक्कसँग लगानी गर्न आग्रह गर्नुभयो। उहाँले निर्माण क्रममा देखिने समस्या समाधान गर्न राजनीतिक दल र स्थानीयको पूर्ण सहयोग हुने पनि बताउनुभयो।

राजनीतिक दल, स्थानीय, सरकारी निकाय तथा सरोकार समिति र कम्पनीका सम्पूर्ण कर्मचारीको सहयोगले समयमै सुरुङको काम पूरा भएको प्रबन्ध निर्देशक घिमिरेले बताउनुभयो। आगामी दिनमा पनि यस्तै सहयोगको अपेक्षा राखिएको पनि उहाँले बताउनुभयो।

आयोजनाको हेडवर्क्सदेखि २६२३ मिटर सुरुङ र २८५४ मिटर पेनस्टक पाइप निर्माण रहनेछ।

हालसम्म आयोजनाको करिब ८० प्रतिशत निर्माण पूरा भएको छ। आगामी फागुनसम्म आयोजनाका सम्पूर्ण संरचना निर्माण तथा उपकरण जडान गर्ने लक्ष्य राखिएको छ।

आयोजनामा नेपाल इन्भेष्टमेन्ट बैंकको अगुवाईमा ९ वटा बैंकले ऋण लगानी गरेका छन्। ३ अर्ब ९६ करोड रुपियाँ लागत अनुमान गरिएको आयोजनामा अहिलेसम्म २ अर्ब ६२ करोड ३५ लाख रुपियाँ खर्च भएको कम्पनीका सञ्चालक पाण्डेले जानकारी दिनुभयो।

# गोयनका समूहबाट सहयोग

काठमाडौं, (नेस)

गोयनका समूहबाट गोयनका स्टिल्स् प्रालिले नुवाकोट क्षेत्रमा रहेका डिलर, बिक्रेताको सहकार्यमा त्यस क्षेत्रमा बिक्री भएको फलामे छड र सिमेन्टको परिमाणलाई आधार मानेर यस क्षेत्रमा रहेका भूकम्पपीडितलाई सहयोग गरेको छ।

नुवाकोट उद्योग वाणिज्य संघमार्फत कार्य गर्ने गरी गोयनका स्टिल्स प्रालिले ६ लाख ३० हजार र गोयनका सिमेन्ट प्रालिले रकम २ लाख ८५ हजार चेक उद्योग वाणिज्य संघलाई हस्तान्तरण गरेको छ।

नुवाकोट क्षेत्रमा रहेको आफ्ना डिलर, बिक्रेताको सहकार्य र आफ्नो कम्पनीवाट उत्पादित गुणस्तरीय फलामे छड र सिमेन्टलाई सो क्षेत्रको विकास तथा पुनर्निर्माणमा प्रयोग गरी आम उपभोक्ताको वर्षौंसम्मको लगानीलाई सुरक्षित बनाएकोमा प्रबन्ध निर्देशक अजय गोयनकाले धन्यवाद दिनुभयो।

# शिवम् सिमेन्टद्वारा ट्याक्सी चालकलाई ज्याकेट हस्तान्तरण



काठमाडौं, (नेस)

शिवम् सिमेन्टले सामाजिक उत्तरदायित्वअन्तर्गत काठमाडौंको ट्याक्सी चालकलाई ज्याकेट उपलब्ध गराएको छ। यातायात व्यवस्था विभागले ट्याक्सी चालकलाई ज्याकेट अनिवार्य गराएको थियो। शिवम् सिमेन्टले पहिलो चरणअन्तर्गत ट्याक्सीलाई विजया दशमीको शुभकामना सहित एभरेष्ट क्याब सर्भिसको संयोजकत्वमा ट्याक्सी चालक ज्याकेट हस्तान्तरण गरेको हो। उक्त ज्याकेट काठमाडौं महानगरपालिका वडा नम्बर ५ का वडा अध्यक्ष रमेश डंगोल तथा कम्पनीका तर्फबाट सिनियर ब्राड म्यानेजर केशव अर्यालले संयुक्त रूपमा ट्याक्सी चालक ज्याकेट हस्तान्तरण गर्नु भएको थियो।

# प्रभु लाइफ इन्स्योरेन्सका पाँच नयाँ शाखा शुरू

काठमाडौं, (नेस)

प्रभु लाइफ इन्स्योरेन्सले बिहीबारदेखि आफ्ना नयाँ पाँच शाखा तथा उप-शाखाहरू महेन्द्रनगर शाखा कार्यालय, बेलौरी उप-शाखा कार्यालय, लम्की उप-शाखा कार्यालय, फिदिम उप-शाखा कार्यालय तथा इलामउप-शाखा कार्यालयको एकैसाथ शुरू गरी कारोबार शुरू गरेको छ।

प्रभु समूह, प्रभु बैंक, सांग्रिला विकास बैंक तथा मुलुकका अन्य प्रतिष्ठित व्यवसायिक समूहको लगानी रहेको प्रभु लाइफले बीमाबजारलाई ग्रामिण तहसम्म पुऱ्याउने लक्ष्य लिएको छ।

दुई अर्ब चुक्ता पुँजी रहेको प्रभु लाइफ इन्स्योरेन्समा संस्थापक शेयरधनीले १ अर्ब ४० करोड रुपियाँ लगानी गरेका छन्। कम्पनीले निकट भविष्यमा बाँकी ६० करोड रुपियाँ बराबरको साधारण शेयर जारी गर्नेछ।

# बर्जर पेन्ट्सले ल्यायो बर्जर पेन्ट एक्स्प्रेस अफर

काठमाडौं (नेस)

बर्जर जेन्सन एन्ड निकल्सन (नेपाल) प्रालिले दशैं र तिहारको अवसरमा बर्जर पेन्ट एक्स्प्रेस योजना ल्याएको छ।

यस योजनाअन्तर्गत बर्जर पेन्ट्सको छानिएका ब्रान्ड खरिद गर्दा सय वर्ग फिट सिल्कइलुसन डिजाइनर फिनिस निःशुल्क पाउनुका साथै प्रतियोगितामार्फत अन्य आकर्षक नगद पुरस्कार रहेको कम्पनीले जनाएको छ।

कम्पनीका अनुसार यो योजना बर्जरका उत्पादनहरु वेदर कोट अल गार्ड एक्सपी, वेदर कोट अल गार्ड, वेदर कोट एन्टी डस्ट, सिल्क ग्ल्यामर एक्सपी, सिल्क ब्रेथ इजी, सिल्क लक्जरी, इजी क्लिन एक्सपी र इजी क्लिनमा मात्र लागू गरिएको छ।

यस अफरमा सहभागी हुन चाहने ग्राहकले घरमा रङ रोगन गर्नु अघि नै बर्जरको टोल फ्रिनम्बर १६६०-०१-२३४३४ (एनटी 'सी') अथवा ९८०१५७१००१ (एनसेल) मा कल गरी वा ३३३७७ मा 'बर्जर' टाइप गरेर एसएमएस पठाई आफ्नो नाम सूचीकृत गर्नु नेंछ।

यो योजनामा असोज १६ गतेदेखि मंसिर मसान्तसम्म सूचीकृत गरिसक्नुपर्नेछ भने घरको रङ रोगन पुस मसान्तसम्म समाप्त गरिसक्नुपर्ने छ।

# गोल्डेन डायमन्ड मेला शुरू



ललितपुर, (नेस)

नेपालको सुनचाँदी व्यवसायमा महत्वपूर्ण योगदान पुऱ्याउने तीन जना व्यक्तित्वलाई सम्मान गरिएको छ।

गोल्डेन डायमन्ड एन्ड ज्वेलरीले बिहीबार आयोजना गरेको तेस्रो गोल्डेन डायमन्ड दशैं तिहार मेला उद्घाटन समारोहमा ती व्यक्तिलाई सम्मान गरिएको हो। सम्मानित हुनेहरुमा नेपाल सुनचाँदी व्यवसायी महासंघका पूर्वअध्यक्ष तेजरत्न शाक्य, विगत ७० वर्षदेखि सुनचाँदी व्यवसायीमा संलग्न भाई बज्राचार्य र पृथ्वीमान शाक्य रहनुभएको छ। उहाँहरुलाई प्रदेश नं ३ का सांसद् शोभा शाक्यले सम्मानपत्र, ज्वेलरीका अध्यक्ष ज्ञानुराजा शाक्यले दोसल्ला ओढाई सम्मान गर्नुभयो।

सो अवसरमा सांसद् शाक्यले नेपालको परम्परागत र मौलिक व्यवसायमा समयक्रमसँगै विभिन्न चुनौतीको सामना गर्नुपरिरहेको बताउँदै त्यसको संरक्षण, प्रर्वद्धनका लागि सरकार गम्भीर भएर लाग्नुपर्ने बताउनुभयो।

नयाँ-नयाँ डिजाइनका गरगहना एउटै थलोबाट सुपथ मूल्यमा उपलब्ध गराउन सो मेला आयोजना गरिएको कम्पनीका अध्यक्ष ज्ञानुराजा शाक्यले जानकारी दिनुभयो। पाँच दिनसम्म मंगलबजारको हखाटोल (बुद्ध प्रतिमास्थल अगाडि) सो मेला सञ्चालन हुने छ।

नेपाल सुनचाँदी व्यवसायी महासंघको उपाध्यक्षसमेत रहनुभएका शाक्यले परिवर्तित समय, आम उपभोक्ताको नयाँ नयाँ चाहना, बढ्दो माग अनुरूप सुनसँगै हिरा जवाहरातका गरगहनाको माग बढिरहेकाले मेला गरिएको जानकारी दिनुभयो।

प्रदर्शनीमा नयाँ तथा आकर्षक सुन र हिराका गहनाहरुको प्रदर्शनीमा राखिएको छ। शाक्यका अनुसार मेलाका अवसरमा सुन तथा हिराका गरगहना खरिद गर्ने ग्राहकहरुलाई निशुल्क स्वास्थ्य बिमाको प्याकेज उपलब्ध गराउने छ। १ लाख २५ हजार रूपैयाँसम्मका गहना खरिद गर्ने ग्राहकका लागि २ लाख रूपैयाँ सम्म बिमा गरिने छ। यस्तै १ लाख २५ हजार रूपैयाँ देखि २ लाख ५० हजार रूपैयाँ सम्मका गहना खरिद कर्तालाई ३ लाख रूपैयाँ बिमा गरिने छ। यसैगरी ३ लाख देखि ५ लाख रूपैयाँ सम्मको गरगहना खरिद गर्नेलाई पाँच लाख र ५ लाख देखि १० लाख सम्मको विमा गर्नेलाई १० लाख रूपैयाँकै बिमा प्याकेज दिने पनि शाक्यले जानकारी दिनुभयो।

सो अवसरमा नेपाल सरकारका पूर्वमुख्य सचिव तीर्थमान शाक्य, ललितपुर महानगरपालिकाका उपप्रमुख गीता सत्याल, ललितपुर महानगरपालिका वडा नं १६ का अध्यक्ष निर्मलरत्न शाक्य, ललितपुर सुनचाँदी व्यवसायी संघका अध्यक्ष किरणभाई बज्राचार्य लगायतले बोल्नुभएको थियो।

# SHARE MARKET

## 4 OCTOBER THURSDAY, 2018

| S.No. | Traded Companies | Total Share | Max. Price | Min. Price | CP Price | Diff Rs. |
|---|---|---|---|---|---|---|
| 1 | Agriculture Development Bank Limited | 15025.00 | 350.00 | 345.00 | 348.00 | 1.00 |
| 2 | Api Power Company Ltd. | 3001.00 | 247.00 | 241.00 | 243.00 | -4.00 |
| 3 | Arambha Microfinance Bittiya Sanstha Ltd. | 380.00 | 889.00 | 866.00 | 867.00 | -18.00 |
| 4 | Arun Kabeli Power Ltd. | 943.00 | 248.00 | 242.00 | 242.00 | 0.00 |
| 5 | Arun Valley Hydropower Dev. Co. Ltd. | 200.00 | 132.00 | 132.00 | 132.00 | -2.00 |
| 6 | Asian Life Insurance Co. Limited | 3340.00 | 592.00 | 582.00 | 590.00 | 0.00 |
| 7 | Bank of Kathmandu Ltd. | 12042.00 | 320.00 | 312.00 | 315.00 | -2.00 |
| 8 | Barun Hydropower Co. Ltd. | 520.00 | 125.00 | 125.00 | 125.00 | -2.00 |
| 9 | Best Finance Company Ltd. | 70.00 | 100.00 | 100.00 | 100.00 | 1.00 |
| 10 | Bhargav Bikash Bank Ltd. | 5573.00 | 160.00 | 154.00 | 157.00 | 0.00 |
| 11 | Bishal Bazar Company Limited | 290.00 | 1810.00 | 1810.00 | 1810.00 | 20.00 |
| 12 | Bottlers Nepal (Terai) Limited | 40.00 | 6847.00 | 6713.00 | 6847.00 | -3.00 |
| 13 | Butwal Power Company Limited | 12388.00 | 470.00 | 463.00 | 470.00 | 3.00 |
| 14 | Central Finance Co. Ltd. | 3998.00 | 124.00 | 122.00 | 124.00 | 4.00 |
| 15 | Century Commercial Bank Ltd. | 24104.00 | 186.00 | 181.00 | 181.00 | -1.00 |
| 16 | Chhimek Laghubitta Bikas Bank Limited | 2226.00 | 910.00 | 900.00 | 903.00 | -5.00 |
| 17 | Chhyangdi Hydropower Ltd. | 20.00 | 112.00 | 112.00 | 112.00 | -1.00 |
| 18 | Chilime Hydropower Company Limited | 9553.00 | 723.00 | 714.00 | 720.00 | 1.00 |
| 19 | Citizen Bank International Limited | 24441.00 | 249.00 | 242.00 | 242.00 | -7.00 |
| 20 | Citizen Investment Trust | 277.00 | 2355.00 | 2330.00 | 2350.00 | 10.00 |
| 21 | Citizens Mutual Fund -1 | 3000.00 | 9.65 | 9.61 | 9.61 | 0.00 |
| 22 | Civil Bank Ltd | 62785.00 | 173.00 | 169.00 | 172.00 | -1.00 |
| 23 | Civil Bank Ltd Promoter Share | 7078.00 | 120.00 | 120.00 | 120.00 | 0.00 |
| 24 | Civil Laghubitta Bittiya Sanstha Ltd. | 231.00 | 683.00 | 665.00 | 680.00 | 6.00 |
| 25 | Corporate Development Bank Limited | 240.00 | 104.00 | 103.00 | 103.00 | 1.00 |
| 26 | Deprosc Laghubitta Bittiya Sanstha Ltd | 844.00 | 667.00 | 660.00 | 665.00 | 5.00 |
| 27 | Deva Bikas Bank Limited | 17997.00 | 140.00 | 138.00 | 139.00 | -2.00 |
| 28 | Dibyashwori Hydropower Ltd. | 52.00 | 100.00 | 99.00 | 100.00 | 0.00 |
| 29 | Everest Bank Limited | 12866.00 | 641.00 | 630.00 | 631.00 | -4.00 |
| 30 | Everest Insurance Co. Ltd. | 379.00 | 1199.00 | 1176.00 | 1181.00 | -19.00 |
| 31 | Excel Development Bank Ltd. | 1626.00 | 290.00 | 285.00 | 288.00 | -4.00 |
| 32 | First Micro Fin. Dev. Bank Ltd. Pro. Sh. | 30000.00 | 240.00 | 240.00 | 240.00 | 0.00 |
| 33 | First Micro Finance Lag. Bittiya San. Ltd. | 4081.00 | 400.00 | 393.00 | 395.00 | -8.00 |
| 34 | Forward Community Mic. Bit. San. Ltd. | 572.00 | 2040.00 | 2030.00 | 2032.00 | 0.00 |
| 35 | Gandaki Bikas Bank Limited | 5077.00 | 204.00 | 197.00 | 200.00 | 0.00 |
| 36 | Garima Bikas Bank Limited | 4158.00 | 176.00 | 173.00 | 174.00 | 0.00 |
| 37 | Global IME Bank Limited | 23101.00 | 319.00 | 312.00 | 314.00 | 0.00 |
| 38 | Global IME Laghubitta Bittiya Sanstha Ltd. | 281.00 | 1145.00 | 1140.00 | 1141.00 | -20.00 |
| 39 | Goodwill Finance Co. Ltd. | 300.00 | 124.00 | 124.00 | 124.00 | -1.00 |
| 40 | Grameen Bikas Lag. Bit. Sanstha Ltd. | 3751.00 | 536.00 | 525.00 | 535.00 | 3.00 |
| 41 | Green Development Bank Ltd. | 1995.00 | 116.00 | 115.00 | 115.00 | -2.00 |
| 42 | Gurans Life Insurance Company Ltd. | 334.00 | 795.00 | 778.00 | 785.00 | -4.00 |
| 43 | Gurkhas Finance Ltd. | 143.00 | 110.00 | 108.00 | 108.00 | -4.00 |
| 44 | Hathway Finance Company Limited | 200.00 | 120.00 | 120.00 | 120.00 | -2.00 |
| 45 | Himalayan Bank Limited | 2710.00 | 546.00 | 533.00 | 540.00 | 5.00 |
| 46 | Himalayan Distillery Limited | 60.00 | 1450.00 | 1422.00 | 1450.00 | -26.00 |
| 47 | Himalayan General Insurance Co. Ltd | 9221.00 | 415.00 | 408.00 | 408.00 | -6.00 |
| 48 | Himalayan Power Partner Ltd. | 150.00 | 252.00 | 249.00 | 252.00 | 0.00 |
| 49 | ICFC Finance Limited | 4198.00 | 156.00 | 152.00 | 154.00 | -1.00 |
| 50 | IME General Insurance Ltd. | 1448.00 | 765.00 | 755.00 | 755.00 | -15.00 |
| 51 | Jalabidyut Lagani tatha Bikas Co. Ltd. | 7676.00 | 160.00 | 158.00 | 159.00 | -1.00 |
| 52 | Janaki Finance Ltd. | 2101.00 | 170.00 | 165.00 | 170.00 | 2.00 |
| 53 | Janata Bank Nepal Ltd. | 48551.00 | 184.00 | 180.00 | 182.00 | -1.00 |
| 54 | Janautthan Samudayic Lag. Bi. Bank Ltd. | 231.00 | 2800.00 | 2755.00 | 2755.00 | -45.00 |
| 55 | Jebils Finance Ltd. | 10.00 | 100.00 | 100.00 | 100.00 | 1.00 |
| 56 | Jyoti Bikas Bank Limited | 4859.00 | 139.00 | 136.00 | 138.00 | 0.00 |
| 57 | Kabeli Bikas Bank Limited | 1546.00 | 314.00 | 302.00 | 314.00 | 9.00 |
| 58 | Kailash Bikas Bank Ltd. | 5319.00 | 233.00 | 230.00 | 231.00 | -3.00 |
| 59 | Kalika Laghubitta Bittiya Sanstha Ltd. | 1793.00 | 1180.00 | 1155.00 | 1179.00 | -21.00 |
| 60 | Kamana Sewa Bikas Bank Limited | 12475.00 | 152.00 | 149.00 | 152.00 | 0.00 |
| 61 | Kanchan Development Bank Limited | 102.00 | 179.00 | 176.00 | 176.00 | 0.00 |
| 62 | Kankai Bikas Bank Ltd. | 1289.00 | 132.00 | 129.00 | 129.00 | -3.00 |
| 63 | Karnali Development Bank Limited | 1544.00 | 105.00 | 103.00 | 104.00 | -1.00 |
| 64 | Khanikhola Hydropower Co. Ltd. | 230.00 | 105.00 | 102.00 | 104.00 | 3.00 |
| 65 | Kisan Microfinance Bittiya Sanstha Ltd. | 376.00 | 1700.00 | 1666.00 | 1695.00 | -4.00 |
| 66 | Kumari Bank Limited | 54809.00 | 246.00 | 238.00 | 243.00 | -2.00 |
| 67 | Laxmi Bank Limited | 10457.00 | 251.00 | 247.00 | 248.00 | -4.00 |
| 68 | Laxmi Laghubitta Bittiya Sanstha Ltd. | 651.00 | 983.00 | 966.00 | 976.00 | 11.00 |
| 69 | Laxmi Value Fund-1 | 161000.00 | 10.30 | 10.30 | 10.30 | 0.10 |
| 70 | Life Insurance Co. Nepal | 267.00 | 1564.00 | 1551.00 | 1551.00 | 6.00 |
| 71 | Lumbini Bikas Bank Ltd. | 4092.00 | 161.00 | 157.00 | 161.00 | 2.00 |
| 72 | Lumbini General Insurance Co. Ltd. | 2451.00 | 533.00 | 520.00 | 525.00 | -1.00 |
| 73 | Machhapuchhre Bank Limited | 103542.00 | 226.00 | 220.00 | 222.00 | -3.00 |
| 74 | Mahalaxmi Bikas Bank Ltd. | 3180.00 | 177.00 | 171.00 | 177.00 | 4.00 |
| 75 | Mahila Sahayatra Mic. Bittiya San. Ltd. | 339.00 | 624.00 | 608.00 | 608.00 | -16.00 |
| 76 | Mahuli Samudayik Lag. Bittiya San. Ltd. | 100.00 | 2365.00 | 2360.00 | 2365.00 | 0.00 |
| 77 | Manjushree Finance Ltd. | 3687.00 | 135.00 | 127.00 | 135.00 | 4.00 |
| 78 | Mega Bank Nepal Ltd. | 61537.00 | 200.00 | 194.00 | 199.00 | 1.00 |
| 79 | Mega Bank Nepal Ltd. Promoter Share | 37929.00 | 110.00 | 110.00 | 110.00 | 0.00 |
| 80 | Mero Microfinance Bittiya Sanstha Ltd. | 1358.00 | 1080.00 | 1026.00 | 1040.00 | -44.00 |
| 81 | Mirmire LaghuBitta Bittiya Sanstha Limited | 360.00 | 1440.00 | 1412.00 | 1440.00 | 0.00 |
| 82 | Miteri Development Bank Limited | 481.00 | 304.00 | 293.00 | 294.00 | -10.00 |
| 83 | Mithila LaghuBitta Bittiya Sanstha Limited | 80.00 | 840.00 | 840.00 | 840.00 | 4.00 |
| 84 | Muktinath Bikas Bank Ltd. | 5215.00 | 395.00 | 387.00 | 393.00 | -2.00 |
| 85 | Multipurpose Finance Company Limited | 268.00 | 179.00 | 165.00 | 165.00 | -17.00 |
| 86 | Nabil Bank Limited | 5142.00 | 958.00 | 916.00 | 944.00 | 2.00 |
| 87 | NABIL Bank Limited Promotor Share | 1645.00 | 724.00 | 715.00 | 724.00 | 4.00 |
| 88 | Nadep Laghubitta Bittiya Sanstha Ltd. | 120.00 | 1232.00 | 1142.00 | 1232.00 | 112.00 |
| 89 | NagBeli LaghuBitta Bikas Bank Ltd. | 353.00 | 970.00 | 965.00 | 965.00 | -10.00 |
| 90 | National Hydro Power Company Limited | 35470.00 | 82.00 | 79.00 | 80.00 | -1.00 |
| 91 | National Life Insurance Co. Ltd. | 2655.00 | 702.00 | 686.00 | 696.00 | 6.00 |
| 92 | National Microfinance Bittiya Sanstha Ltd. | 545.00 | 2110.00 | 2069.00 | 2069.00 | -29.00 |
| 93 | Neco Insurance Co. Ltd. | 4262.00 | 528.00 | 521.00 | 523.00 | -3.00 |
| 94 | Nepal Bangladesh Bank Limited | 21118.00 | 215.00 | 210.00 | 214.00 | 2.00 |
| 95 | Nepal Bank Limited | 46865.00 | 313.00 | 307.00 | 309.00 | -1.00 |
| 96 | Nepal Community Dev. Bank Ltd. | 1336.00 | 127.00 | 123.00 | 123.00 | -6.00 |
| 97 | Nepal Credit And Com. Bank Limited | 38819.00 | 216.00 | 211.00 | 213.00 | -2.00 |
| 98 | Nepal Doorsanchar Comapany Limited | 4405.00 | 769.00 | 746.00 | 762.00 | -1.00 |
| 99 | Nepal Hydro Developers Ltd. | 140.00 | 141.00 | 137.00 | 141.00 | 2.00 |
| 100 | Nepal Insurance Co. Ltd. | 5696.00 | 545.00 | 531.00 | 536.00 | -5.00 |
| 101 | Nepal Investment Bank Limited | 14020.00 | 641.00 | 635.00 | 640.00 | 0.00 |
| 102 | Nepal Investment Bank Ltd. Pro. Share | 21084.00 | 571.00 | 560.00 | 560.00 | -8.00 |
| 103 | Nepal Life Insurance Co. Ltd. | 15400.00 | 940.00 | 925.00 | 933.00 | -2.00 |
| 104 | Nepal SBI Bank Limited | 2982.00 | 500.00 | 485.00 | 492.00 | 1.00 |
| 105 | Nerude Laghubita Bikas Bank Limited | 2339.00 | 570.00 | 554.00 | 555.00 | -10.00 |
| 106 | Ngadi Group Power Ltd. | 11.00 | 150.00 | 150.00 | 150.00 | 0.00 |
| 107 | NIBL Samriddhi Fund 1 | 8000.00 | 9.80 | 9.80 | 9.80 | 0.15 |
| 108 | NIC Asia Bank Ltd. | 39411.00 | 429.00 | 415.00 | 425.00 | 3.00 |
| 109 | NIC Asia Growth Fund | 4000.00 | 9.52 | 9.51 | 9.51 | -0.06 |
| 110 | Nirdhan Utthan Lag. Bittiya San. Limited | 1146.00 | 992.00 | 980.00 | 990.00 | -9.00 |
| 111 | NLG Insurance Company Ltd. | 2030.00 | 875.00 | 855.00 | 875.00 | -4.00 |
| 112 | NMB Microfinance Bittiya Sanstha Ltd. | 1621.00 | 1548.00 | 1500.00 | 1500.00 | -48.00 |
| 113 | NMB Bank Limited | 91385.00 | 354.00 | 345.00 | 350.00 | 0.00 |
| 114 | NMB Hybrid Fund L-1 | 29570.00 | 9.70 | 9.59 | 9.59 | -0.07 |
| 115 | NMB Sulav Investment Fund-1 | 30000.00 | 12.84 | 12.84 | 12.84 | 0.03 |
| 116 | Oriental Hotels Limited | 6946.00 | 525.00 | 510.00 | 519.00 | 5.00 |
| 117 | Pokhara Finance Ltd. | 396.00 | 147.00 | 145.00 | 147.00 | -3.00 |
| 118 | Prabhu Bank Limited | 77335.00 | 233.00 | 227.00 | 229.00 | -5.00 |
| 119 | Prabhu Insurance Ltd. | 4397.00 | 495.00 | 482.00 | 483.00 | -4.00 |
| 120 | Premier Insurance Co. Ltd. | 5126.00 | 1116.00 | 1090.00 | 1090.00 | -2.00 |
| 121 | Prime Commercial Bank Ltd. | 26060.00 | 331.00 | 322.00 | 322.00 | -3.00 |
| 122 | Prime Life Insurance Company Limited | 6929.00 | 510.00 | 502.00 | 505.00 | -4.00 |
| 123 | ProgressiveFinance Limited | 100.00 | 104.00 | 102.00 | 104.00 | 4.00 |
| 124 | Prudential Insurance Co. Ltd. | 1946.00 | 749.00 | 725.00 | 730.00 | -5.00 |
| 125 | Radhi Bidyut Company Ltd | 611.00 | 208.00 | 205.00 | 207.00 | -4.00 |
| 126 | Rairang Hydropower Dev. Co. Ltd. | 1040.00 | 132.00 | 127.00 | 129.00 | -1.00 |
| 127 | Rastriya Beema Company Limited | 310.00 | 10000.00 | 9780.00 | 10000.00 | 120.00 |
| 128 | Rastriya Beema Company Ltd Pro. Share | 443.00 | 9100.00 | 8810.00 | 9100.00 | 200.00 |
| 129 | Reliance Finance Ltd. | 486.00 | 127.00 | 125.00 | 126.00 | 1.00 |
| 130 | Ridi Hydropower Dev. Company Ltd. | 3097.00 | 112.00 | 109.00 | 111.00 | 1.00 |
| 131 | RMDC Laghubitta Bittiya Sanstha Ltd. | 2296.00 | 635.00 | 623.00 | 623.00 | -10.00 |
| 132 | RSDC Laghubitta Bittiya Sanstha Ltd. | 3711.00 | 464.00 | 451.00 | 451.00 | -17.00 |
| 133 | Sagarmatha Insurance Co. Ltd. | 250.00 | 1385.00 | 1380.00 | 1380.00 | 15.00 |
| 134 | Sahayogi Bikas Bank Limited | 160.00 | 219.00 | 218.00 | 218.00 | -5.00 |
| 135 | Samata Microfinance Bittiya Sanstha Ltd. | 2071.00 | 1433.00 | 1375.00 | 1430.00 | 55.00 |
| 136 | Sana Kisan Bikas Bank Ltd | 2418.00 | 1105.00 | 1085.00 | 1085.00 | -15.00 |
| 137 | Sanima Bank Limited | 16248.00 | 335.00 | 328.00 | 330.00 | 0.00 |
| 138 | Sanima Mai Hydropower Ltd. | 26710.00 | 304.00 | 296.00 | 300.00 | -2.00 |
| 139 | Saptakoshi Development Bank Ltd. | 3157.00 | 125.00 | 122.00 | 124.00 | 0.00 |
| 140 | Shangrila Development Bank Ltd. | 9975.00 | 154.00 | 151.00 | 152.00 | -1.00 |
| 141 | Shikhar Insurance Co. Ltd. | 1482.00 | 910.00 | 900.00 | 901.00 | -8.00 |
| 142 | Shine Resunga Development Bank Ltd. | 1842.00 | 244.00 | 234.00 | 236.00 | -1.00 |

Total Amount Rs. 428,644,606 Total Quantity 1,582,558 Total No of Transactions 5,440